अनुसूची-१६
(दफा ३३ को उपदफा (२) सँग सम्बन्धित)

# श्री सिद्धमण्डली सामुदायिक वन उपभोक्ता समूह

बंगलाचुली गाउँपालिका वडा नं. ३ मुलाबारी, दाङ

## काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०३।२६**

श्री सिद्धमण्डली सामुदायिक वन उपभोक्ता समूह बंगलाचुली गाउँपालिका वडा नं. ३ मुलाबारी, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित वन पैदावार बबई गाउँपालिका वडा नं. ३ ज्यामिरे, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | न्यूनतम | | काठ, दाउरा संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि./चट्टा) | दररेट | मूल्य रु. | |
| १ | साल | गोलिया | A | १६ | २४६.४६ | १२५० | ३०८०७५ | २५४९८६ |
| | | | B | ३९ | ३०५.०३ | ९०० | २७४५२७ | |
| | | | C | ९० | ४४४.५१ | ६०० | २६६७०६ | |
| | लट नं. १ को जम्मा | | | १४५ | ९९६.०० | | ८४९३०८ | |
| २ | असना | गोलिया | A | १७ | २५३.३७ | ४०० | १०१३४८ | |
| | | | B | २८ | २७८.३९ | ३०० | ८३५१७ | |
| | | | C | ९ | ५७.७७ | १०० | ५७७७ | |
| | जम्मा | | | ५४ | ५८९.५३ | | १९०६४२ | |
| | कर्मा | गोलिया | A | ३ | ८३.३२ | ४०० | ३३३२८ | |
| | | | B | ४ | ५०.६६ | ३०० | १५१९८ | |
| | | | C | २ | ९.६३ | १०० | ९६३ | |
| | जम्मा | | | ९ | १४३.६१ | | ४९४८९ | |
| | जामुन | गोलिया | B | ४ | २८.१८ | ३०० | ८४५४ | |
| | | | C | २ | ६.७७ | १०० | ६७७ | |
| | जम्मा | | | ६ | ३४.९५ | | ९१३१ | |
| | बर्रो | गोलिया | N | ७ | ५७.२४ | २०० | ११४४८ | |
| | लट नं. २ को जम्मा | | | ७६ | ८२५.३३ | | २६०७१० | |
| | साल | दाउरा | | | ११.५० | १२००० | १३८००० | १८९७५० |
| | अन्य | | | | ५.०० | ४००० | २०००० | |
| | दाउरा जम्मा | | | | १६.५० | | १५८००० | |
| गोलिया काठको कुल जम्मा | | | | २२१ | १८२१.३३ | | ११९००१८ | |
| नोटः काठ, दाउरा संकलन खर्च काठको प्रति घ.फि. १४०।- र दाउराको प्रति चट्टा ११,५००।- | | | | | | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०४।१४ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३।०४।१५ (ख) समय १२:०० बजे सम्म ।

अनुसूची-१६
(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री सिद्धमण्डली सामुदायिक वन उपभोक्ता समूह

बंगलाचुली गाउँपालिका वडा नं. ३ मुलाबारी, दाङ

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको नेपाल बैंक लिमिटेड घोराही शाखा, दाङमा रहेको खाता नं. ०२७००१००२७१२९५००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस सिद्धमण्डली सामुदायिक वन उपभोक्ता समूहको बंगलाचुली गाउँपालिका वडा नं. ३ ज्यामिरे, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०४।१५ गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

# अनुपम अभियान '०८४ मा महिला पहिला'

❑ गोविन्द खड्का



घोराही, २५ असार । अन्तर-पुस्ता महिलावादी मञ्चको अनुपम अभियानअन्तर्गत बिहीबार घोराहीमा कोणसभा गरिएको छ । त्यस अवसरमा वक्ताहरुले आगामी निर्वाचन २०८४ मा सबै पहिलो पदमा महिलाहरुले उम्मेदवारी दिने उद्घोष गरे । त्यसका लागि योग्य र सक्षम रहेको बताए ।

समतामूलक र समावेशी समाज निर्माणका लागि आवाज उठाउन चाहने तथा विशेष गरी महिलाहरुमाथि हुने असमानताका विरुद्ध बोल्न चाहने जो कोहीलाई अभियानमा स्वागत गरिने उनीहरुको भनाइ थियो । अभियान अहिले चौथो वर्ष पुगेको नेपाल महिला सामुदायिक सेवाकेन्द्र घोराही दाङका अध्यक्ष कल्पना न्यौपानेले बताउनुभयो । 'अहिले प्रमुख अथवा अध्यक्ष पदमा सबै ठाउँमा पुरुषहरु नै हुनुहुन्छ'- अध्यक्ष न्यौपानेले भन्नुभयो- 'जहाँ दलहरुको गठबन्धन भएको छैन त्यहाँ मात्रै उपाध्यक्ष महिला हुनुहुन्छ । गठबन्धन भएकामा दुबै पद पुरुषकै छ ।' उहाँले महिलालाई आगामी निर्वाचनबाट प्रत्यक्ष वा समानुपातिक दुबैतर्फ विजयी गराउने अभियानको लक्ष्य रहेको बताउनुभयो । महिलालाई कसरी नेतृत्वदायी भुमिकामा लैजान सक्छौं भन्नेमै अभियान केन्द्रित छ । सबै मिलेर प्रमुख पद निर्वाचित हुनुपर्छ भन्ने यसको उद्देश्य हो ।

यसैगरी लैंगिक हिंसा अन्त्य गर्न, समाजमा भएका असमानता न्यूनीकरण गर्न भ्रष्टाचार निर्मुल पार्न, भेदभाव र अन्याय अत्याचार अन्त्य गरी समाजमा शान्ति कायम गर्न महिलाको नेतृत्व हुनुपर्ने बताए । 'यसअघिको सुशीला कार्की नेतृत्वको सरकारले निर्धारित समयमा शान्तिपुर्ण चुनाव गरायो'- सामुदायिक ऋण तथा बचत सहकारी संस्थाका सदस्य पुजा योगीले भन्नुभयो- 'महिला नेतृत्वले चुनाव सफल हुन सक्यो । महिलाले अवसर पायो भने राम्रो हुनेरहेछ भन्ने प्रमाणित पनि भयो ।' उहाँका अनुसार सबै पदमा महिला पुरुष आधा आधा हुनुपर्छ । अब महिला दोस्रो दर्जाको होइन । तर वडाध्यक्षमा पनि महिलालाई दिन सकिएको छैन । त्यसो गर्न दिइँदैन ।

फेन्सी व्यवसायी समितिका सचिव सञ्जीव श्रेष्ठले अभियानमा प्रतिबद्धता जनाउनुभयो । उद्यमी भुमा पौडेलले महिला एक हुनुपर्ने बताउनुभयो । उहाँकाअनुसार जुसुकै पार्टीको नेता भए पनि सक्षमलाई जिताउनुपर्छ । त्यसपछि इतिहास रच्न सकिन्छ । यसका लागि महिलालाई नेतृत्वमा जिताएर काम गर्ने जिम्मेवारी र अवसर दिनुपर्छ । कार्यक्रमको सञ्चालन लक्ष्मी ढकालले गर्नुभएको थियो ।

## सार्वजनिक बिदामा पनि भुक्तानी हुने

काठमाडौं, २५ असार (युस)- नेपाल राष्ट्र बैंकले असार २७ र २८ गतेको सार्वजनिक बिदाको दिनमा पनि 'रियल टाइम ग्रस सेटलमेन्ट' प्रणाली सञ्चालन हुने जनाएको छ ।

राष्ट्र बैंक भुक्तानी प्रणाली विभागले सार्वजनिक सूचना जारी गरेर शनिबार र आइतबार सार्वजनिक बिदाको दिनमा पनि रियल टाइम ग्रस सेटलमेन्ट प्रणाली बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म सञ्चालन हुने जनाएको हो । राष्ट्र बैंकले चालु आर्थिक वर्षको अन्तिम समयमा भुक्तानी प्रणालीलाई सहज गराउनको लागि यस्तो व्यवस्था गर्न लागेको जनाएको छ ।

## राष्ट्रियसभाबाट एकैदिन ६ वटा विधेयक पारित

काठमाडौं, २५ असार (युस)- राष्ट्रियसभाले एकै दिन ६ वटा विधेयक पारित गरेको छ । सभाका अध्यक्ष नारायण दाहालका अनुसार चारवटा अध्यादेश प्रतिस्थापन विधेयक र दुईवटा बजेट आश्रित विधेयक पारित गरिएको हो ।

सभाले सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक, सहकारी (पहिलो संशोधन) विधेयक, स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, आर्थिक विधेयक २०८३ र राष्ट्र ऋण उठाउने विधेयक २०८३ पारित गरेको हो ।

# धारापानीमा शिवपुराण तथा श्रृंगारिक महाआरती हुँदै

युगबोध समाचारदाता



घोराही, २५ असार । घोराही उपमहानगरपालिका-५ धारापानीस्थित पाण्डवेश्वर महादेव मन्दिरमा २०८३ साउन १ गतेदेखि भदौ १ गतेसम्म शिवपुराण तथा श्रृंगारिक महाआरती सञ्चालन हुने भएको छ ।

मन्दिर व्यवस्थापन समितिले साउन महिनाभर विविध धार्मिक, आध्यात्मिक तथा सांस्कृतिक कार्यक्रम आयोजना गरी भक्तजनलाई धार्मिक आस्थासँग जोड्ने उद्देश्य लिएको जनाएको छ । सो अवसरमा प्रत्येक दिन नित्य पूजा, विशेष पूजा, शिवपुराण वाचन, १०८ वटा पिपलमा जल चढाउने अनुष्ठान, नित्य आरती, भजन तथा प्रवचन, श्रृंगारिक महाआरती तथा भजनकीर्तन सञ्चालन गरिनेछ । साथै रुद्राभिषेक, लघु रुद्री, लक्षवर्तिका, चौरासी पूजा, अष्ट चिरञ्जीवी पूजा, नागपूजा, ब्राह्मण भोजन, प्रसाद वितरण, व्रतबन्ध, चूडाकर्म, स्वस्ति शान्तिलगायतका धार्मिक अनुष्ठानका व्यवस्था समेत गरिएको छ ।

महाआरती अवधिभर 'एक करोड दीप प्रज्ज्वलन' अभियान सञ्चालन गरिने आयोजकले जनाएको छ । दीप प्रज्ज्वलनमा सहभागी भक्तजन तथा दाताहरूलाई सहयोगको आधारमा सम्मान गरिने व्यवस्था मिलाइएको छ । साथै साउन १ गतेदेखि वर्षभरि नियमित भण्डारा सञ्चालन गर्ने योजना समेत रहेको र त्यसका लागि अन्न, अक्षयकोष तथा अन्य सहयोग गर्न इच्छुक दाताहरूलाई सहयोगका लागि आग्रह गरिएको छ ।

मन्दिर व्यवस्थापन समितिका अध्यक्ष गणेशकुमार अधिकारीले धार्मिक तथा आध्यात्मिक चेतनाको विकास, समाजमा सकारात्मक सन्देश प्रवाह तथा पाण्डवेश्वर महादेव मन्दिरको धार्मिक महत्वलाई थप उजागर गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । त्यस्तै, मन्दिर व्यवस्थापन समितिका सचिव विष्णुराम आचार्यले शिवपुराण तथा श्रृंगारिक महाआरतीलाई सफल बनाउन तयारी तीब्ररूपमा भएको जानकारी दिनुभयो ।

# ६ महिनामा १२ सयभन्दा बढीमा डेंगी संक्रमण

युगबोध समाचारदाता

काठमाडौं, २५ असार । डेंगी भाइरसको संक्रमणबाट यो वर्ष दुईजनाको मृत्यु भएको छ भने गत जनवरीयता मात्रै १२ सयभन्दा बढी मानिस संक्रमित भएका छन् ।

संक्रमणबाट एकजना ७८ वर्षीय र अर्का ३९ वर्षीय पुरुषको ज्यान गएको स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालयले जनाएको छ । डेंगी एडिज एजिप्टाई तथा एडिज एल्बोपिक्टस जातका पोथी लामखुट्टेले सार्ने भाइरल रोग हो । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) का अनुसार यी लामखुट्टेले चिकुनगुनिया, यल्लो फिभर र जिका भाइरस पनि सार्ने गर्छन् । गत वर्ष डेंगी संक्रमणका कारण ६ जनाको मृत्यु भएको थियो भने करिब ९ हजार संक्रमित भएका थिए । कीटविज्ञहरूका अनुसार पुष्टि भएका संक्रमितको संख्या वास्तविक संक्रमितको संख्याको सानो हिस्सा मात्र हुन सक्छ । किनभने करिब ९० प्रतिशत संक्रमितमा कुनै लक्षण नै देखिदैन भने नेपालमा हुने अधिकांश संक्रमण र मृत्युका घटनाको अभिलेख नै राखिदैन ।

डेंगीको कुनै विशेष औषधि नभए पनि समयमै संक्रमण पहिचान गरी उचित उपचार पाए मृत्युको जोखिम उल्लेखनीय रूपमा घटाउन सकिन्छ । नेपालमा पहिलो पटक सन् २००४ मा चितवनमा एक विदेशी नागरिकमा डेंगी संक्रमण पुष्टि भएको थियो । त्यसयता डेंगी संक्रमितको संख्या निरन्तर बढ्दै गएको छ । सन् २०२२ मा डेंगीका कारण कम्तीमा ८८ जनाको मृत्यु भएको थियो भने ५४ हजारभन्दा बढी संक्रमित भएका थिए । यस्तै सन् २०२३ मा डेंगीबाट कम्तीमा २० जनाको मृत्यु भएको थियो भने ५२ हजारभन्दा बढी संक्रमित भएका थिए । उक्त वर्ष देशका ७७ वटै जिल्लामा डेंगी फैलिएको थियो ।

# नियमित उडान नहुँदा इन्धन डिपो समस्यामा

तुलसीपुर, २५ असार (रासस)- दाङको टरिगाउँ विमानस्थलमा नियमित हवाई सेवा सञ्चालन नहुँदा इन्धन डिपो समस्यमा परेको छ । विमानस्थलमा नेपाल आयल निगमले इन्धन डिपो स्थापना गरेकामा नियमित हवाई उडान नहुँदा डिपो सञ्चालनमा समस्या भएको हो ।

कार्यालयका लेखा अधिकृत कैलाश देवकोटाका अनुसार गत वैशाखमा एक हजार लिटर मात्रै इन्धन बिक्री भएको थियो भने जेठमा ६६० लिटर र असारको अहिलेसम्म ८३४ लिटर इन्धन बिक्री भएको छ । आर्थिक वर्ष २०८१/८२ मा १७ हजार ९० ९ लिटर बिक्री भएको थियो । चालु आवमा ३४ हजार ३४ लिटर बिक्री भएको जनाउँदै उहाँले मासिक बिक्रीदर दुई हजार ८ सय ४६ लिटर रहेको बताउनुभयो ।

नियमित उडान भएमा इन्धन बिक्री दर बढ्ने हुँदा डिपोको आम्दानी हुने बताउँदै लेखा अधिकृत देवकोटाले भन्नुभयो- 'सातामा चार दिन जहाज आउने भनिए पनि कहिले दुई दिन मात्रै आउने, कुनै साता नआउने समस्या छ ।'

# फैसला कार्यान्वयनसँग सम्बन्धित कानुनहरूको संगालो सार्वजनिक

युगबोध समाचारदाता

काठमाडौं, २५ असार । सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले 'फैसला कार्यान्वयनसँग सम्बन्धित महत्वपूर्ण कानुनहरूको संगालो' सार्वजनिक गरेको छ ।

सर्वोच्च अदालतमा आयोजित कार्यक्रममा अदालतमा मुख्य रजिष्ट्रार विमल पौडेलसहित सरोकारवाला व्यक्तिले उक्त संगालो सार्वजनिक गर्नुभएको हो । नेपालको न्यायापालिकाको सुधार गर्दै प्रभावकारी फैसला कार्यान्वयनका लागि संगालो महत्वपूर्ण दस्तावेज हुने बताउँदै मुख्य रजिष्ट्रार पौडेलले वास्तविक न्यायका लागि फैसला कार्यान्वयन प्रभावकारी रूपमा हुनुपर्नेमा जोड दिनुभयो । तथ्याङ्कअनुसार एक लाख २१ हजार वर्षभन्दा बढी कैद असुल हुन बाँकी रहेको उल्लेख गर्दै उहाँले करिब ३४ अर्ब बढी जरिवाना असुल गर्नुपर्ने अवस्था रहेको जानकारी दिनुभयो ।

प्रकाशित संगालो फैसला कार्यान्वयनमा सहयोगी माध्यम बन्ने मुख्य रजिष्ट्रार पौडेलले विश्वास व्यक्त गर्नुभयो । 'फैसला कार्यान्वयन न्यायालय एक्लैले चाहेर पनि सम्भव हुँदैन । यसमा नेपाल प्रहरी, स्थानीय तह, वडालगायत सम्बन्धित निकायको सहयोग जरुरी छ'- उहाँले भन्नुभयो- 'राज्यको उपस्थिति र कानुनको शासन कायम गर्नका लागि पनि फैसला कार्यान्वयन जरुरी छ ।' फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशक गजेन्द्रबहादुर सिंहले अदालतको जनआस्था वृद्धि फैसला कार्यान्वयनबाट हुने उल्लेख गर्दै कार्यसम्पादनलाई सहज र प्रभावकारी बनाउने उद्देश्यले संगालो तयार गरिएको बताउनुभयो । उहाँले भन्नुभयो- 'अदालतको फैसला छिटो कार्यान्वयन हुँदा पीडितले पनि छिटो न्याय पाउने भएकाले यो पुस्तक न्याय सम्पादन र फैसला कार्यान्वयनसँग सम्बन्धित व्यक्तिका लागि उपयोगी हुनेछ ।'

फैसला कार्यान्वयनसँग सम्बन्धित संवैधानिक, ऐन, कानुन, नियमावली, निर्देशिका, नजीर र सर्वोच्च अदालतबाट भएका परिपत्रहरूको व्यवस्थालाई समेटेर यो पुस्तक तयार गरिएको छ । फैसला कार्यान्वयन गर्ने अधिकारी, न्यायालयका कर्मचारी, कानुन व्यवसायी, सरोकार भएका निकाय सबैलाई पुस्तक उपयोगी हुने सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले जनाएको छ ।

## तरकारी....

कृषक तरकारी उत्पादनमा आबद्ध छन् । परम्परागत खेतीबाट व्यावसायिक कृषि प्रणालीतर्फ किसानको झुकाव बढ्दै गएको छ । कृषि विकास कार्यालय सल्यानले पनि व्यावसायिक तरकारी खेतीलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ । कार्यालय प्रमुख महेश आचार्यका अनुसार आधुनिक प्रविधि, अनुदान, सिंचाई तथा टनेल व्यवस्थापनमार्फत किसानलाई व्यावसायिक कृषि विस्तारमा सहयोग पुऱ्याइँदै आएको छ । उहाँले रोड करिडोर केन्द्रित उत्पादन, व्यावसायिक उत्पादन प्रवर्द्धन, युवा लक्षित कार्यक्रम, मागमा आधारित सिंचाई तथा प्रोत्साहनलगायतका विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो । जिल्लाको कपुरकोट र त्रिवेणीमा व्यावसायिक रुपमा तरकारी खेती भइरहेको छ । यसका साथै शारदा, सिद्धकुमाख, बागचौरलगायतका क्षेत्रमा पनि तरकारी खेती भइरहेको छ ।

अहिले कपुरकोट र त्रिवेणीका विभिन्न क्षेत्रमा साप्ताहिक रुपमा नै हाट बजार सञ्चालन भइरहेका छन् । कृषकले उत्पादन गरेको बेमौसमी तरकारी विक्रीवितरणमा सहजताको लागि यहाँ हाटबजार सञ्चालन भइरहेका हुन् । सल्यानका खेतबारीहरूमा अहिले टमाटरका राताम्य बोटहरू मात्रै फक्रिरहेका छैनन्, किसानका सपना र सम्भावनाहरू पनि उत्तिकै हरियाली हुँदै गएका छन् । जिल्लाभर करिब ८ हजार २ सय हेक्टरमा तरकारी खेती गरिन्छ । उत्पादन भएको १ लाख १९ हजार ७ सय ६५ मेट्रिक टन तरकारीमध्ये ६५ हजार ५ सय ४९ मेट्रिक टन जिल्ला बाहिर निकासी हुन्छ । जसबाट बर्सेनि ५२ करोड रुपैयाँ बढी जिल्लामा भित्रिने गरेको छ । यहाँ विशेष गरी बेमौसमी टमाटर, बन्दागोभी, काउली, घिउसिमी, बोडी, भेडे खुर्सानी, अकबरे खुर्सानी, काँक्रा, इस्कुस, मुला र हरियो केराउको व्यापक खेती गरिन्छ । यहाँको ताजा तरकारी राप्ती लोकमार्ग हुँदै मुख्य रूपमा दाङको तुलसीपुर र घोराही, बुटवल, भैरहवा, नेपालगन्ज, धनगढी, पोखरा, काठमाडौं र भारतका विभिन्न सीमावर्ती बजारहरूसम्म आपूर्ति हुने गरेको छ । बजारको सुनिश्चितता, रोग नियन्त्रण र उचित मूल्यको व्यवस्था हुन सके, यी खेतहरूले केवल तरकारी मात्र होइन, किसानको जीवनस्तर उठाउन ठूलो भूमिका खेल्ने सरोकारवालाको भनाइ छ ।

## सुकुम्वासीको....

विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५-१, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुबन्ध १९६६ को धारा ११, बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २७ लगायतका व्यवस्थामा गम्भीर संकट उत्पन्न भएको आयोगले ठहर गरेको छ ।

वैकल्पिक व्यवस्था मिलाएर मात्र सुकुम्वासी व्यवस्थापन गर्ने सन्दर्भमा आयोगले २०६६ देखि २०८३ वैशाख २५ सम्म सात पटक सरकारका निकायमा पत्राचार गरेको विषय पनि विज्ञप्तिमार्फत स्मरण गराएको छ । 'अतः सुकुम्वासीहरूको कुनै पनि मानवअधिकार अवस्था जोखिममा पर्ने कार्य नगर्न र उनीहरूको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको सम्मान गर्न आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ'- आयोगले भनेको छ ।

लग अन गर्नुहोस्
www.nayayougbodh.com

# भेरी-बबईको बिजुली जोड्न प्रसारण लाइन निर्माण गरिदै

युगबोध समाचारदाता

सुर्खेत, २५ असार । राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाबाट उत्पादन हुने विद्युतलाई राष्ट्रिय प्रसारण प्रणालीमा आबद्ध गर्न १३२ केभी क्षमताको प्रसारण लाइन निर्माण गरिने भएको छ ।

सो आयोजनाबाट उत्पादन हुने विद्युतलाई विद्युत् प्राधिकरणले निर्माण गरेको कोहलपुर-सुर्खेत १३२ केभी प्रसारण लाइनमा जोडिनेछ । त्यसका लागि एक दशमलव सात किलोमिटर १३२ केभी क्षमताको प्रसारण लाइन निर्माण गरिनेछ । भेरी नदीको पानी 'डाइभर्सन' गरी बबईमा झारेर सिंचाई सुविधा उपलब्ध गराउने र त्यसबाट करिब ४६ दशमलव आठ मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ । प्रस्तावित प्रसारण लाइनमा नौवटा टावर रहनेछन् । त्यसमध्ये तीनवटा बर्दिया राष्ट्रिय निकुञ्जको मुख्य क्षेत्र र बाँकी छवटा निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्नेछन् ।

प्रसारण लाइनको क्षेत्राधिकार १८ मिटर रहनेछ । प्रसारण लाइनका कारण सुर्खेतको भेरीगंगा नगरपालिका-५ र बर्दिया राष्ट्रिय निकुञ्ज प्रभावित हुनेछ । आयोजनाले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्न लागेकाले आवश्यक सुझाव दिन आग्रह गरेको छ ।

भेरी-बबईको प्रगति ७० प्रतिशत

भेरी नदीको पानीलाई १२ किलोमिटर लामो सुरुङमार्फत बबई नदीमा खसालेर बाँके र बर्दियाको झण्डै ५१ हजार हेक्टर जमिनमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ । हालसम्म आयोजनाको भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ५७ प्रतिशत रहेको छ । बाँकी काम सम्पन्न गर्न अझै तीन वर्ष लाग्ने आयोजनाका सूचना अधिकारी हरिबहादुर थापाले जानकारी दिनुभयो । अपेक्षित प्रगति नभएपछि ऊर्जा जलस्रोत तथा सिंचाईमन्त्री विराजभक्त श्रेष्ठले केही दिनपहिले आयोजनास्थलको निरीक्षण गर्नुभएको थियो । उहाँले निर्माण प्रक्रियालाई तीब्र पार्न निर्देशन दिनुभएको थियो । आयोजनाको सुरुङ निर्माण कार्य सम्पन्न भइसकेको छ । सिभिल निर्माण कार्य, हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकलको काम जारी छ । प्रसारण लाइन निर्माण कार्यको वातावरणीय प्रभाव मूल्याङ्कनका लागि पूर्वस्वीकृतिको प्रक्रिया शुरु भएको छ ।

**के तपाइँ घर बनाउँदै हुनुहुन्छ ?**

हामी कहाँ आल्मुनियम तथा युपिभिसीका झ्याल, ढोका, पार्टेसन, ग्ल्याजिङलगायत स्टिल, सिसा तथा ग्रिलसम्बन्धी सम्पूर्ण काम गरिन्छ । सेवा गर्ने मौका दिनुहोस् ।

प्रो. गुरुप्रसाद कंडेल
**जि.पि. आल्मुनियम तथा मेटल उद्योग**
घोराही-१६, दाङ मो.: ९८५७८३२७०६, ९८५७८७९४१०

**मेहनती किसानलाई सुवर्ण अवसर**

चिसो हावापानी, स्वच्छ वातावरण हरियाली क्षेत्रमा कुखुरा पालन, केरा खेतीलगायत अन्य खेतीका लागि उपयुक्त लमही न.पा.-१ सितलापुरमा रहेको ५७ कठ्ठा जग्गामा खेती गर्ने उब्जाउ आफैले खाने, त्यहाँ रहेका रुख विरुवाको संरक्षण तथा हुर्काउने शर्तमा इच्छुक किसानले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८५७८४०२४१

## श्री सिद्धमण्डली सामुदायिक वन उपभोक्ता समूह

बंगलाचुली गाउँपालिका वडा नं. ३ मुलाबारी, दाङ

## गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति २०८३।०३।२६ गते

श्री सिद्धमण्डली सामुदायिक वन उपभोक्ता समूह, बंगलाचुली गाउँपालिका वडा नं. ३ मुलाबारी, दाङको वनबाट उत्पादन भई बंगलाचुली गाउँपालिका वडा नं. ३ ज्यामिरे, दाङको घाट्गद्दीमा लट बनाई राखिएको साल, असना, कर्मा, जामुन, वर्रो र वैदारो प्रजातिको गोलिया काठ थान २२१ को १८२१.३३ घ.फि., साल दाउरा ११.५० चट्टा, अन्य दाउरा ५.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

अध्यक्ष

## कर्णाली प्रदेश सुर्खेत जिल्लाका बाखरेओढार सा.व.उ.स.लगायत ७ (सात) वटा सामुदायिक वन क्षेत्रमा रहेको खोटे सल्लाको वन क्षेत्रबाट खोटो संकलन गर्ने कार्यको

## प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) सम्बन्धी सार्वजनिक सुनुवाई तथा राय सुझाव संकलन सम्बन्धी सार्वजनिक सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/२६ गते)

कर्णाली प्रदेश सुर्खेत जिल्ला अन्तर्गतका ७ (सात) वटा सामुदायिक वनहरूमा रहेको खोटे सल्लाको वन क्षेत्रहरूबाट खोटो संकलन गर्ने कार्यको निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न कर्णाली प्रदेश वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (२) सँग सम्बन्धित अनुसूची-९ बमोजिम सार्वजनिक सुनुवाई तथा राय सुझाव संकलन सम्बन्धी यो सूचना प्रकाशित गरिएको छ ।

### सार्वजनिक सुनुवाई सम्बन्धी सूचना !

श्री माउण्ट रोजिन एण्ड टर्पेन्टाइन ईण्डष्ट्रिज. प्रा.लि. तिलोत्तमा न.पा.-१६ रुपेन्देहीद्वारा सुर्खेत जिल्ला अन्तर्गत पर्ने जम्मा ७ वटा सा.व.उ.स.हरुमा प्रस्तावित खोटो संकलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीका सम्बन्धमा निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हुँदा सरोकारवाला निकाय, सा.व. प्रतिनिधि, शिक्षक, स्थानीय बुद्धिजीवी, स्थानीय जनप्रतिनिधिलगायत स्थानीय बासिन्दाहरुलाई उपस्थित भई राय, सुझाव तथा प्रतिक्रिया प्रदान गरी दिनुहुन अनुरोध छ ।

**कार्यक्रमको विवरण**

**मिति** : २०८३ साल असार २९ गते सोमबार
**समय** : दिउँसो १२:३० बजे
**स्थान** : सिम्ता गाउँपालिका वडा नं. ९ को हल, सुर्खेत

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | **माउण्ट रोजिन एण्ड टर्पेन्टाइन ईण्डष्ट्रिज प्रा.लि.**<br>तिलोत्तमा न.पा.-१६ रुपेन्देही, लुम्बिनी प्रदेश<br>इमेलः mount.rosin@gmail.com<br>फोन नं. ९८५७०२४०४१, ९८०२५२४०४१ |
| प्रस्तावको व्यहोरा | सुर्खेत जिल्लाभरिका बाखरेओढार, मसिनाचौर, शान्ति हरियाली, चिनारी भोटेचुली, लालीगुराँस, झिलझिले र लालीगुराँस सग्लेना सा.व. गरी खोटे सल्लाको वन क्षेत्रहरुबाट खोटो संकलन गर्ने कार्यको लागि प्रस्ताव गरिएको छ । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा | सुर्खेत जिल्ला अन्तर्गत सिम्ता गाउँपालिका र गुर्भाकोट नगरपालिका |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न प्रस्तावित न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । सार्वजनिक सुनुवाई भएको मिति २०८३/०३/२९ गतेदेखि ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरूः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| **१. माउण्ट रोजिन एण्ड टर्पेन्टाइन ईण्डष्ट्रिज. प्रा.लि.**<br>तिलोत्तमा न.पा.-१६ रुपन्देही, लुम्बिनी प्रदेश<br>इमेलः mount.rosin@gmail.com<br>फोन नं.: ९८५७०२४०४१, ९८०२५२४०४१<br>**२. डिभिजन वन कार्यालय**, सुर्खेत<br>इमेलः surkhetdfo@gmail.com<br>फोन नं.: ०८३-५२०२५४ | **कुबिर फिट प्रा.लि.**<br>सूर्यविनायक-८, भक्तपुर<br>इमेलः kubirfit08@gmail.com<br>फोन नं.: ९८४३५६२०१८ |

मिति : २०८३/०३/२९ देखि २०८३/०४/०४ गतेसम्म ।

नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक : ऋषिराज पोखेल
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालयः घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरुः राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com